मिति २०८०/०९/२१

# धानबालीको उत्पादन अनुमान सम्बन्धि प्रेस विज्ञप्ती

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट हरेक आर्थिक बर्ष जस्तै चालु आ.ब.को धानबालीको उत्पादन सम्बन्धि प्रारम्भिक अनुमानहरु संलग्न चार तालिकामा प्रस्तुत गरिएको छ। सातै प्रदेशका कृषि सँग सम्बन्धित मन्त्रालयहरुबाट जिल्लागत रुपमा प्राप्त भएका प्रारम्भिक आँकडा, ICIMOD संगको सहकार्यमा Satellite Image को प्रयोगबाट प्राप्त तराईका जिल्लाहरुमा लगाईएको मुख्य धान बालीको क्षेत्रफल, चालु आ.ब.मा भएको रोपाईंको आंकडालाई प्रमुख आधार मानी धानबालीको उत्पादन अनुमान तयार गरिएको छ ।

चालु आ.ब.मा धानको कुल उत्पादन गत आ.ब. भन्दा ४.३३ प्रतिशतले बृद्धी भई ५७ लाख २४ हजार २ सय ३४ मेट्रिक टन पुगेको छ जुन विगत चार बर्षको औषत उत्पादनको तुलनामा ५.०८ प्रतिशतले बढि हो। कुल धानबाली भित्राईएको क्षेत्रफल गत आ.ब को तुलनामा ०.६१ अर्थात ८ हजार ८ सय हेक्टरले कमि भई १४ लाख ३८ हजार ९ सय ८९ हेक्टर कायम हुन पुगेको छ। यो क्षेत्रफल गत चार आ.ब.को औषत क्षेत्रफलको तुलनामा १.७३ प्रतिशतले कम हो। धानबालीको औषत उत्पादकत्व गत आ.ब.को तुलनामा ४.९७ प्रतिशतले बृद्दी भई ३.९८ मेट्रिक टन प्रति हेक्टर पुगेको छ जुन गत चार बर्षको औषत उत्पादकत्व भन्दा ६.९२ प्रतिशतले बढी हो ।

चालु आ.ब.मा धानको उत्पादन कोशी प्रदेशमा उच्च रहेको छ भने कर्णाली प्रदेशमा न्यून रहेको छ। चालु आ.ब.मा उत्पादकत्व तर्फ कोशी प्रदेश ४.४३ मे.टन् प्रति हेक्टर सहित अग्र स्थानमा रहन गयो भने मधेश प्रदेश ३.४९ मे.टन् प्रति हेक्टर मे.टनमा सिमित भई न्यून स्थानमा रहन पुग्यो। मुख्य धानको तुलनामा विगतका आ.ब.मा जस्तै चैते धानको उत्पादकत्व उच्च कायम रहेको छ। गत आ.ब.को तुलनामा उत्पादन र उत्पादकत्वका बृद्धीका हिसावले लुम्बिनी प्रदेश अग्रस्थानमा रहन पुग्यो भने मधेष प्रदेश ऋणात्मक रहन पुगेको छ।

चालु आ.ब.मा धान उत्पादन बृद्धी हुनुमा उन्नत बिउको उपलब्धता र प्रयोग, रोग किराको प्रकोपमा कमि, बाढी पहिरोबाट धान बालीमा पर्न जाने नकरात्मक असरमा कमि, मलखादको उपलब्धतामा आएको सुधार, कृषि औजार र प्रबिधिको प्रयोग र मौसमी अनुकुलतालाई लिइएको छ। मधेश प्रदेशका केही जिल्लाहरुमा धान रोप्ने समयमा पर्याप्त बर्षा नभएको कारणले समग्र मधेश प्रदेशको उत्पादन र उत्पादकत्वमा गत आ.ब.को तुलनामा ह्रास आएको छ ।

| तालिका १ः पाँच आर्थिक बर्षमा धानको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व | | | |
|---|---|---|---|
| आर्थिक बर्ष | धान लगाइएको क्षेत्रफल | कुल उत्पादन | उत्पादकत्व |
| | हेक्टर | मेट्रिक टन | मे.टन/ हेक्टर |
| २०७६/७७ | १,४५८,९१५ | ५,५५०,८७८ | ३.८० |
| २०७७/७८ | १,४७३,४७४ | ५,६२१,७१० | ३.८२ |
| २०७८/७९ | १,४७७,३७८ | ५,१३०,६२५ | ३.४७ |
| २०७९/८० | १,४४७,७८९ | ५,४८६,४७२ | ३.७९ |
| **चार बर्षको औषत** | **१,४६४,३८९** | **५,४४७,४२१** | **३.७२** |
| २०८०/८१ | १,४३८,९८९ | ५,७२४,२३४ | ३.९८ |
| **औषतको तुलनामा २०८०/८१ परिवर्तन %** | **-१.७३** | **५.०८** | **६.९२** |

| **तालिका २: आ.ब. २०७९/८० र २०८०/८१ मा प्रदेश अनुसार धान लागाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको विवरण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश** | जम्मा धान २०७९/८० | | | जम्मा धान २०८०/८१ | | | **२०७९/८० को तुलनामा प्रतिशत परिवर्तन** | | |
| | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| कोशि प्रदेश | ३३२,६१७ | १,३३६,०५७ | ४.०२ | ३२४,४०१ | १,४३५,५७८ | ४.४३ | -२.४७ | ७.४५ | १०.१७ |
| मधेश प्रदेश | ३७५,३४० | १,३८८,८४१ | ३.७० | ३८३,१८३ | १,३३७,६७२ | ३.४९ | २.०९ | -३.६८ | -५.६६ |
| बाग्मती प्रदेश | १३०,३१४ | ५००,४४६ | ३.८४ | १२८,९०३ | ५०४,३४४ | ३.९१ | -१.०८ | ०.७८ | १.८८ |
| गण्डकी प्रदेश | १०६,३८० | ३९१,१२१ | ३.६८ | १०१,९२३ | ३९१,६२४ | ३.८४ | -४.१९ | ०.१३ | ४.५१ |
| लुम्बिनी प्रदेश | ३०१,९९१ | १,१५१,३१३ | ३.८१ | ३०२,३८६ | १,३१०,८२९ | ४.३३ | ०.१३ | १३.८६ | १३.७१ |
| कर्णाली प्रदेश | ३८,६२७ | १२९,४७३ | ३.३५ | ४१,९०४ | १४५,०६३ | ३.४६ | ८.४८ | १२.०४ | ३.२८ |
| सुदूरपश्चिम प्रदेश | १६२,५२० | ५८९,२२१ | ३.६३ | १५६,२८९ | ५९९,१२४ | ३.८३ | -३.८३ | १.६८ | ५.७३ |
| **नेपाल** | **१,४४७,७८९** | **५,४८६,४७२** | **३.७९** | **१,४३८,९८९** | **५,७२४,२३४** | **३.९८** | **-०.६१** | **४.३३** | **४.९७** |

**तलिका ३: आ.ब. २०७९/८० र २०८०/८१ मा प्रदेश अनुसार चैते धान लागाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको विवरण**

| प्रदेश | चैते धान २०७९/८० | | | चैते धान २०८०/८१ | | | २०७९/८० को तुलनामा प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| कोशि प्रदेश | ५८,१०९ | ३००,२२६ | ५.१७ | ५३,९४२ | २८२,२८७ | ५.२३ | -७.१७ | -५.९८ | १.२९ |
| मधेश प्रदेश | २१,८९९ | १०७,५३४ | ४.९१ | २०,८३९ | १००,२७० | ४.८१ | -४.८४ | -६.७५ | -२.०१ |
| बाग्मती प्रदेश | १८,१२३ | ८२,३११ | ४.५४ | १९,७५२ | ९०,३५६ | ४.५७ | ८.९९ | ९.७७ | ०.७२ |
| गण्डकी प्रदेश | ५,८७० | २७,४३७ | ४.६७ | ५,८७० | २७,४३७ | ४.६७ | ०.०० | ०.०० | ०.०० |
| लुम्बिनी प्रदेश | ३,२२० | १५,९१२ | ४.९४ | ३,०३८ | १३,९३६ | ४.५९ | -५.६५ | -१२.४२ | -७.१७ |
| कर्णाली प्रदेश | १९१ | ८५६ | ४.४८ | ४२ | २३४ | ५.५७ | -७८.०१ | -७२.६६ | २४.३२ |
| सुदूर पश्चिम प्रदेश | १,१९५ | ६,०५६ | ५.०७ | १,२२९ | ६,२८९ | ५.१२ | २.८५ | ३.८५ | ०.९७ |
| **नेपाल** | **१०८,६०७** | **५४०,३३१** | **४.९८** | **१०४,७१२** | **५२०,८०८** | **४.९७** | **-३.५९** | **-३.६१** | **-०.०३** |

**तालिका ४: आ.ब. २०७९/८० र २०८०/८१ मा प्रदेश अनुसार मुख्य धान लागाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको विवरण**

| प्रदेश | मुख्य धान २०७९/८० | | | मुख्य धान २०८०/८१ | | | २०७९/८० को तुलनामा प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| कोशि प्रदेश | २७४,५०८ | १,०३५,८३१ | ३.७७ | २७०,४५९ | १,१५३,२९१ | ४.२६ | -१.४८ | ११.३४ | १३.०१ |
| मधेश प्रदेश | ३५३,४४१ | १,२८१,३०८ | ३.६३ | ३६२,३४४ | १,२३७,४०२ | ३.४१ | २.५२ | -३.४३ | -५.८० |
| बाग्मती प्रदेश | ११२,१९१ | ४१८,१३५ | ३.७३ | १०९,१५१ | ४१३,९८९ | ३.९० | -२.७१ | -०.९९ | ४.६४ |
| गण्डकी प्रदेश | १००,५१० | ३६३,६८४ | ३.६२ | ९६,०५३ | ३६४,१८७ | ३.७९ | -४.४३ | ०.१४ | ४.७९ |
| लुम्बिनी प्रदेश | २९८,७७१ | १,१३५,४०१ | ३.८० | २९९,३४८ | १,२९६,८९३ | ४.३३ | ०.१९ | १४.२२ | १४.०० |
| कर्णाली प्रदेश | ३८,४३६ | १२८,६१७ | ३.३५ | ४१,८६२ | १४४,८२९ | ३.४६ | ८.९१ | १२.६० | ३.३९ |
| सुदूर पश्चिम प्रदेश | १६१,३२५ | ५८३,१६५ | ३.६१ | १५५,०६० | ५९२,८३५ | ३.८२ | -३.८८ | १.६६ | ५.७७ |
| नेपाल | **१,३३९,१८२** | **४,९४६,१४१** | **३.६९** | **१,३३४,२७७** | **५,२०३,४२६** | **३.९०** | **-०.३७** | **५.२०** | **५.५९** |